# भूमे साप्ताहिक

वर्ष ५ अङ्क ३८ २०८० फागुन ६ आइतबार




## सम्पादकीय

# खेलकुदमा भूमेको सफलता

जिल्लास्तरीय १५औं राष्ट्रपति रनिङ शिल्डको उपाधि भूमे गाउँपालिकाले जित्नु हाम्रो ठूलो सफलता हो। महत रंगशालामा सम्पन्न रनिङ शिल्डमा भूमेका विद्यार्थीहरुको क्षमता, प्रतिभा र लगनले यसपटक भूमेलाई ऐतिहासिक सफलता मिलेको छ। यो सफलतालाई आधार बनाएर अब जिल्ला मात्रै होइन, प्रादेशिक र राष्ट्रिय प्रतियोगितामा पनि भूमेको पहिचान दिलाउन सबैले प्रोत्साहन, तयारी र चासो राख्नु पर्दछ।

राष्ट्रपति रनिङ शिल्ड विद्यालयस्तरीय प्रतियोगिता हो। गाउँबस्तीमा लुकेर रहेका प्रतिभाहरुको खोजी, पहिचान र खेलाडी उत्पादनमा यस प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्दै आएको छ। अवसर नपाएका तर क्षमता भएका र भविष्यमा सफल खेलाडी बन्न सक्ने धेरै प्रतिभाहरु गाउँमै हराइरहेका हुन्छन्। त्यस्ता प्रतिभाहरुको पहिचान यस्तै प्रतियोगिताबाट हुने गर्दछ। यसपटकको राष्ट्रपति रनिङ शिल्डबाट भूमे गाउँपालिकामा रहेका थुप्रै प्रतिभाहरुको पहिचान भएको छ। केही खेलाडीहरु प्रादेशिक प्रतियोगिताका लागि छनोट भइसकेका छन्।

स्थानीय सरकारले खेलकूदको प्रवर्द्धन र खेलाडीको प्रोत्साहनका लागि बजेट विनियोजन गर्नु जरुरी छ। अहिले पालिका र जिल्लाका प्रतियोगितामा सफलता हासिल गर्न सक्षम खेलाडीलाई राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतियोगितासम्म पु-याउने लक्ष्य लिएर अहिलेदेखि नै लाग्यौं भने त्यो सफलता टाढा हुने छैन।


प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमेले उचाल्यो राष्ट्रपति रनिङ शिल्डको उपाधि




महत रङ्गशालामा सम्पन्न १५ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डमा भूमे गाउँपालिकाले १२ स्वर्ण पदकसहित रनिङ शिल्डको उपाधि हात पारेको छ ।

❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । १५ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि भूमे गाउँपालिकाले जितेको छ। भूमे गाउँपालिका वडा नं. ५ महत रंगशालामा सम्पन्न जिल्लास्तरीय शिल्डमा १२ स्वर्ण, ७ रजत र ८ काश्य पदक गरि २७ पदक हात पार्दै भूमेले शिल्ड जितेको हो।

रनिङ शिल्डका विभिन्न प्रतियोगितामध्ये ३ हजार मिटर दौडमा छात्रतर्फ रामबहादुर बुढा, १५ सय मिटर दौडमा छात्रतर्फ रामबहादुर बुढा, १ सय मिटर दौडमा छात्रातर्फ सुनकुमारी सुनार, सटपुट छात्रातर्फ अनिता बुढा, ज्याभलिन छात्रातर्फ अनिता बुढा, लङजम्प छात्रातर्फ सुनकुमारी सुनार, छात्रतर्फ दिलप्रसाद सुनार, त्रिपल जम्प छात्रातर्फ सुनकुमारी सुनार, हाइजम्प छात्रातर्फ तपस्या खड्का, रिले १०० मिटरतर्फ अनिता बुढा, सुनकुमारी सुनार, सुदेशी नेपाली र आशिका




पुन, ४०० मिटर रिलेतर्फ अनिता बुढा, वर्षा विक, सुस्मिता बुढा र सुनकुमारी सुनार र भलिबलमा छात्रातर्फ बिनिता शेर्पाली, अनिता बुढा, उषा बुढा, भूमिका बुढा, अञ्जली बुढा र सुनकुमारी सुनार रहेको टोलीले गरी १२ स्वर्ण पदक जितेका छन्।

त्यसैगरी ४ सय मिटर दौडमा छात्रतर्फ रमेश सुनार र छात्रातर्फ रितु रोका, ८ सय मिटर दौडमा छात्रतर्फ जितकुमार बुढा र छात्रातर्फ अञ्जना नेपाली, १५ सय मिटर दौडमा छात्रातर्फ अञ्जना नेपाली, ३ हजार मिटर दौडमा छात्रातर्फ दीपा बुढा र ४ सय मिटर रिले दौडमा रमेश सुनार, हितकुमार विक, निशान रोका र दिलप्रसाद सुनारको टोलीले गरी ७ वटा रजत पदक जितेका छन्।

त्यसैगरी हाइजम्प छात्रतर्फ सन्देश सुनार, त्रिपल जम्प छात्रतर्फ दिलप्रसाद सुनार, ज्याभलिन थ्रो छात्रतर्फ अनुश घर्ती, सटपुट छात्रतर्फ शिवजन कामी, २०० मिटर दौडमा छात्रतर्फ हितकुमार विक, छात्रातर्फ सुदेशी नेपाली, १०० मिटर दौडमा छात्रतर्फ हितकुमार विक र ३ हजार मिटर दौडमा छात्रतर्फ रोहित सुनारले गरी ८ वटा काश्य पदक हात पारेका छन्।

यसैगरी सिस्ने गाउँपालिकाले १० स्वर्ण, ११ रजत र ८ कास्य गरि २९ पदक हात पार्दै दोस्रो स्थान हासिल गरेको छ भने पुथाउत्तरगंगा गाउँपालिकाले ६ स्वर्ण, ९ रजत र १० कास्य गरि २६ पदक हात पार्दै तेस्रो स्थान हासिल गरेको छ।

यसअघि तीन वटै पालिकामा पालिकास्तरिय राष्ट्रपति रनिङ शिल्ड सम्पन्न गरेर त्यहाँबाट छनोट भएका खेलाडी जिल्लास्तरीय शिल्डमा सहभागी भएका थिए। गत साल जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड पुथा उत्तरगंगा गाउँपालिकामा सञ्चालन भएको थियो। आगामी वर्षको १६ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड सिस्ने गाउँपालिकामा सञ्चालन हुने छ। सोही अनुरुप पुरस्कार वितरण तथा समापन कार्यक्रममा सिस्ने गाउँपालिकालाई झण्डा हस्तान्तरण गरिएको छ।

# झुम्लाबाङमा धौवादीभन्दा ठूलो फलाम खानी



❖ भूमे समाचारदाता

रुकुम पूर्व । रुकुम पूर्वको झुम्लाबाङमा नवलपरासीको धौवादीभन्दा ठूलो फलाम खानी भेटिएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको खानी विभागले गरेको अध्ययनमा उक्त खानी पत्ता लागेको हो।

खानी विभागका जियोलोजिस्टले रुकुम पूर्वको भूमे गाउँपालिका-३ स्थित झुम्लाबाङमा अध्ययन गर्दा फलाम खानी भेटिएको विभागका उपमहानिर्देशक एवं प्रवक्ता मोनिका झाले बताउनु भयो।

'विभागका प्राविधिकको दुई टोलीले प्रारम्भिक चरणको अध्ययन गर्दा धौवादीभन्दा बढी फलाम र गुणस्तर पनि राम्रो देखिएको छ,' प्रवक्ता झाले भन्नुभयो। उहाँका अनुसार विभागबाट डा. सनक भण्डारी र सुजन देवकोटाको टिमले छुट्टाछुट्टै अध्ययन गरेको थियो। दुवै समूहको अध्ययनले भूमे गाउँपालिकामा ठूलो र गुणस्तरीय फलाम खानीको सम्भावना देखाएको हो।

## कति छ फलाम ?

खानी विभागले हालसम्म गरेको अध्ययन प्रारम्भिक मात्रै रहेकाले आधिकारिक विवरण अहिले नै यकिन गर्न नसकिने प्रवक्ता झाको भनाइ छ। यद्यपि भूमे गाउँपालिकामा २० करोड

मेट्रिक टन फलाम रहेको प्रारम्भिक अध्ययनले देखाएको उहाँले बताउनु भयो।

उहाँले भन्नुभयो, 'प्रारम्भिक अध्ययनले फलामको धाउ (ढुंगा) भएको क्षेत्रलाई आधार मानेर २० करोड मेट्रिक टन फलाम रहेको देखाएको छ। तर, वास्तवमै कति फलाम छ भन्ने थाहा पाउन विस्तृत सम्भाव्यता अध्ययन गर्नुपर्छ।'

२०७२ मा नवलपरासीको (हाल) हुप्सेकोट गाउँपालिकामा **धौवादी फलाम खानी** पत्ता लागेको थियो। धौवादीमा १५ करोड मेट्रिक टन फलाम रहेको अध्ययनले देखाएको छ। हालसम्म धौवादीको फलाम खानी अध्ययन मात्रै भएको छ, उत्खनन् हुन सकेको छैन।

खानी प्रयोगमा ल्याउने भन्दै सरकारले २०७६ पुसमा **धौवादी फलाम कम्पनी लिमिटेड** स्थापना गरेको थियो। तर, सरकारी स्वामित्वको उक्त कम्पनीले उल्लेख्य प्रगति गर्न सकेको छैन।

रुकुम पूर्वमा आर्थिक वर्ष २०७९/८० मा अध्ययन गरेर जियोलोजिस्टको टोलीले २०८० मा अध्ययन प्रतिवेदन विभागमा बुझाएको थियो। हाल रुकुम पूर्वबाट धाउ विभागमा लिएर थप परीक्षण गर्ने तयारी छ। यद्यपि विभागमा खानी तथा भू-गर्भसम्बन्धी प्राविधिक जनशक्ति पर्याप्त नहुँदा संकलन गरिएका धाउ परीक्षण गर्न नसकिएको प्रवक्ता झाको भनाइ छ।

विभागका सिनियर डिभिजन जियोलजिस्ट (सिडिजी) नारायाण बाँस्कोटाका अनुसार पहिला खानी विभागमा २१६ जना कर्मचारी थिए। देश संघीयतामा गएपछि ३ तहका सरकारले अधिकार बाँडफाँट गरी २०७५ मा विभागमा कर्मचारीको दरबन्दी कटौती गरिएको थियो।

अहिले विभागमा १४४ कर्मचारी छन्। त्यसमा पनि खानी क्षेत्रमा अध्ययन/अनुसन्धान गर्न करिब ५० जना मात्रै प्राविधिक रहेको बाँस्कोटाको भनाइ छ। संघीय सरकारले अन्वेषण गर्ने, प्रदेशले खानी उत्खनन र स्थानीय तहले त्यसको संरक्षण गर्नुपर्ने संघीय कर्मचारीको माग थियो। तर, कर्मचारीको सुझाव विपरीत संघ र प्रदेशबीच अधिकार फरक राखियो। अहिले प्रदेशले अन्वेषण र संघ सरकारले उत्खनन गर्नुपर्ने जिम्मेवारी छ। कुनै पनि प्रदेशले अन्वेषण गर्ने तथा त्यसका लागि कार्यालय र कर्मचारी व्यवस्थापन नगरेको सिडिजी बाँस्कोटाको गुनासो छ।

विभागका प्रवक्ता झा रुकुम पूर्वमा भेटिएको धाउको परीक्षण नेपालमा गर्न नसकिए भारतका प्राविधिकको सहयोग लिने वा धाउ नै भारत पठाउनुपर्ने अवस्था रहेको बताउनु हुन्छ। प्रारम्भिक अध्ययन मात्रै भएकाले खानी उत्खनन् गर्न कति लागत आवश्यक पर्छ भन्ने यकिन नभएको पनि उहाँको धारणा छ। यो आर्थिक वर्षभित्र संकलित धाउको परीक्षण गर्ने योजना छ। वैशाखमा हुने तेस्रो लगानी सम्मेलनमा पनि खानी भेटिएको र लगानी आवश्यक रहेको विषय प्रवेश गराउन तयरी गर्दै छौं,' प्रवक्ता झाले भन्नुभयो।

# रुकुम पूर्वलाई चिनाउने अञ्जनाको सपना

❖ बालाराम शेर्पाली

रुकुम पूर्व । यसपटकको पालिकास्तरीय पाँचौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भूमे-४, काँडाकी अञ्जना आकर्षणको केन्द्र बनिन्। महतको बृहत रंगशालामा भएको प्रतियोगितामा अञ्जनाले तीन विधामा स्वर्ण पदक हासिल गरेर सबैलाई चकित बनाइदिएकी छिन्।

भूमे गाउँपालिका- ४ काँडाकी १४ वर्षीया अञ्जना नेपाली जनशक्ति मावि काँडामा ९ कक्षामा पढिरहेकी छिन्। विगतमा रनिङ शिल्डमा सहभागी भए पनि सफलता मिलेको थिएन तर यस वर्ष उनलाई नसोचेकै सफलता प्राप्त भएको छ।

बुबा हिक्मत नेपाली र आमा ईखकुमारी नेपाली कोखबाट कान्छी सन्तानको रुपमा जन्मिएकी अञ्जना निकै मेहनत गरेर अगाडि बढेकी छिन्। पालिका स्तरीय रनिङ शिल्डमा यसपटक जनशक्ति मावि काँडाले दोस्रो स्थान हासिल गर्नुमा अञ्जनाकै मेहनतले काम गरेको छ।

आफूले बाआमाको दुःख पीडा नजिकबाट देखेको भन्दै अञ्जनाले निकै दुःख गरेर अध्ययन र खेलकूदमा कोसिस गरिरहेको बताउँछिन्। “बुबा घर व्यवहार चलाउन र हामीलाई पढाउनको लागि विदेशमा दुःख गर्दै हुनुहुन्छ बुबाको त्यो पीडा बुझेर केही गर्छु भन्ने सपना बोकेको छु,” अञ्जना भन्छिन्, “खोले सिस्नु खाँदै गरिब




परिवारमा हुर्केको छोरी समाजमा केही गर्नेलाई खासै राम्रो नजरले हेर्दैन, मैले बोकेको सपनाहरु साकार गर्ने लक्ष्य राखेको छु। माथिल्लो स्थानसम्म जान गुरु र अभिभावक सबैको सहयोग चाहिन्छ। खेलकुद क्षेत्रबाट राम्रो काम गर्दै रुकुम पूर्वलाई चिनाउने मेरो पहिलो लक्ष्य हो।”

भूमे गाउँपालिकाका ७ वटा माध्यमिक विद्यालयबीच प्रतिस्पर्धा भएको थियो। माघ १५ देखि १९ गतेसम्म सञ्चालन भएको प्रतियोगितामा जनशक्ति माविले ६ स्वर्ण ४ रजत र ६ कास्य पदक प्राप्त गरेको थियो। राष्ट्रपति रनिङ शिल्ड लुम्बिनी प्रदेश सभा सदस्य सुरुल पुनले प्रतियोगिताको उद्घाटन गर्नुभएको थियो।

# भूमे र सिस्नेमा कृत्रिम गर्भधारण कार्यक्रम सुरु

❖ बालाराम शेर्पाली



रुकुम पूर्व । जिल्लाका सिस्ने र भूमे गाउँपालिकाका पशुवस्तुहरुमा कृत्रिम गर्भधारण कार्यक्रम सुरु गरिएको छ। सिस्ने र भूमे गाउँपालिकासँग सहकार्य गरी कृत्रिम गर्भधारण कार्यक्रम सञ्चालन गरिएको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम पूर्वका प्रमुख पितम्बर बस्नेतले जानकारी दिनुभयो।

कृत्रिम गर्भधारण गराउनाले पशुवस्तुहरुमा नश्ल सुधार गरि दुध तथा मासु उत्पादनमा वृद्धि हुने, साँढे, राँगा र बोकाहरुबाट विभिन्न किसिमका रोगहरु ब्रुसेलोसिस, लेप्टोस्पाइरोसिस जस्ता रोगहरु सर्न सक्ने सम्भावना भएकाले त्यस्ता प्रकृतिका रोगहरु सर्नबाट रोक्ने र कृषकहरूको समयको बचत हुने बस्नेतले बताउनु भयो।

कृत्रिम गर्भधारणबाट भैंसी, ठूला कदका गाई र ठूला कदका बाख्राहरुमा मात्रै गर्न सकिन्छ। कृत्रिम गर्भधारण गराउँदा पशुवस्तुहरुले साँढे, राँगा र बोका खोजेको लक्षण पहिचान गरि प्राविधिकलाई जानकारी दिनुपर्ने, पशुवस्तुहरुलाई ४/४ महिनाको फरकमा अनिवार्य नाम्ले जुकाको औषधी खुवाउनु पर्ने र कृत्रिम गर्भधारणका लागि पशुवस्तुले साँढे, राँगा खोजेको १२ देखि १८ घण्टा बीचको समयलाई मध्यनजर गरि प्राविधिकलाई जानकारी गराउनु पर्ने बस्नेतले बताउनु भयो।

त्यसका लागि एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम पूर्वमा छविलाल घर्ती मगर र डाक्टर विजेता थापा, सिस्ने गाउँपालिका पशुपन्छी विकास शाखाका लागि भिमबहादुर झाँक्री मगर, भूमे गाउँपालिका पशुपन्छी विकास शाखाका लागि नारायण ओली र भुपेन्द्र शाहीलाई कृत्रिम गर्भधारणकर्ताको जिम्मेवारी तोकिएको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम पूर्वले जानकारी दिएको छ।

# उपाधि जितेपछि गाउँपालिकाको सम्मान

❖ बालाराम शेर्पाली








रुकुम पूर्व । महत रंगशालामा सम्पन्न १५औं जिल्लास्तरिय राष्ट्रपति रनिङ शिल्डको उपाधि जितेपछि भूमे गाउँपालिकाले खेलाडी तथा प्रशिक्षकहरुलाई भव्य सम्मान गरेको छ। गाउँपालिकाको प्रतिनिधित्व गरेर रनिङ शिल्डमा उपाधि जित्ने खेलाडी एवं प्रशिक्षक, शिक्षक र रेफ्रीहरुलाई भूमे गाउँपालिकाले सम्मान गरेको हो।

खेलाडीहरुले राम्रो क्षमता प्रस्तुत गरेर गाउँपालिकालाई रनिङ शिल्ड दिलाउन विशेष भूमिका खेलेको भन्दै भूमे गाउँपालिका उपाध्यक्ष सबिना बुढाले खेलाडीलाई सम्मान गरेको बताउनु भयो। सो अवसरमा भूमे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल बिक, चन्द्र रसाइली लगायतले पनि विजयको शुभकामना व्यक्त गर्नुभएको थियो। सम्मान कार्यक्रममा वडा नं. २ का अध्यक्ष नारायण पुन, वडा नं. ६ का अध्यक्ष बिक्रम पुनलगायत खेल प्रशिक्षक, खेलाडी लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन गाउँपालिकाका कर्मचारी चेतन बुढा मगरले गर्नुभएको थियो।

# विद्यार्थीले गरे जन्मदिनमा विद्यालयलाई सहयोग

❖ बालाराम शेर्पाली



रुकुम पूर्व । कक्षा ३ मा अध्ययनरत चुनबाङका एक विद्यार्थीले जन्मदिनको अवसरमा विद्यालयमा अक्षयकोष स्थापनाका लागि आर्थिक सहयोग गरेका छन्। भूमे गाउँपालिका वडा नम्बर ९ चुनबाङ, लाखरखोलास्थित आधारभूत विद्यालय दुवाचौरमा अध्ययनरत युनिक पुनमगरले सोही विद्यालयमा अक्षयकोष स्थापनाका लागि २५ हजार रुपैयाँ सहयोग गरेका हुन्।

भूमे गाउँपालिका ९ चुनबाङ गैरीगाउँ निबासी सन्देश कुमार पुन मगर र अस्मिता पुन मगरका छोरा युनिक पुन मगरले जन्मदिनको अवसरमा विद्यालयलाई २५ हजार ५ सय २५ रुपैयाँ सहयोग गरेको विद्यालयका प्रअ मानबहादुर बिष्टले जानकारी दिनुभयो।

रेडियो पूर्वी रुकुमका सञ्चालक समिति अध्यक्ष लालबहादुर बिसी (प्रभात) को उपस्थितिमा विद्यालयका प्रअ बिष्टलाई उक्त रकम हस्तान्तरण गरिएको हो। अक्षयकोष स्थापनाका लागि दिइएको रकम ग्रहण गर्दै प्रअ बिष्टले विद्यार्थी युनिकको उदाहरणीय कार्य भएको बताउनु भयो। उहाँले युनिकलाई कापी कलम दिएर जन्मदिनको शुभकामना दिंदै आगामी दिनमा अझैं सिर्जनशील कार्य गर्न सुझाव दिनुभयो।

# दादुरा रुवेला खोप सम्बन्धी अभिमुखीकरण

रुकुम पूर्व । भूमे गाउँपालिका स्तरीय दादुरा रुवेला खोप अभियान सम्बन्धी १ दिने अभिमुखिकरण तालिम सम्पन्न भएको छ। भूमे गाउँपालिकाभित्र रहेका स्वास्थ्यकर्मीहरुलाई राष्ट्रिय खोप कार्यक्रम सञ्चालनका लागि १ दिने अभिमुखीकरण तालिम दिइएको हो।

जिल्ला स्वास्थ्य कार्यालय रुकुम पूर्वको आयोजनामा भएको अभिमुखीकरण तालिममा स्वास्थ्यकर्मीहरुलाई खोप कार्यक्रम सञ्चालन र व्यवस्थापनका बारेमा तालिम दिइएको थियो। दादुरा र रुवेला रोगका लक्षण तथा चिन्ह, जटिलता, उपचार विधि र बच्ने उपायहरु, दादुरा र रुवेला खोपलाई भण्डारण गर्ने तरिका, खोप लगाउँदा खोपको मात्रा कति दिने, खोप लगाइसकेपछि हुन सक्ने प्रतिकुल असरहरुको बारेमा तालिम दिइएको स्वास्थ्य कार्यालय रुकुम पूर्वको निरीक्षक मनोजकुमार श्रेष्ठले बताउनु भयो। उक्त अभिमुखीकरण तालिममा गाउँपालिकाभित्र रहेका १४ वटा स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो। दादुरा रुवेला खोप फाल्गुन १३ गतेदेखि भूमे गाउँपालिकामा सुरु हुने भएको छ।

# मावि महतले लियो रनिङ शिल्डको उपाधि



रुकुम (पूर्व) । भूमे गाउँपालिका स्तरीय पाँचौ राष्ट्रपति रनिङ शिल्डको उपाधि जनजागृति मावि महतले हात पारेको छ।

माघ १५ देखि १९ गतेसम्म सञ्चालन भएको रनिङ शिल्ड प्रतियोगिताको उपाधि भूमे गाउँपालिका वडा नं. ६ महतस्थित जनजागृति मावि महतले लिएको हो। मावि महतले १४ स्वर्ण ८ रजत र २ कास्य पदकसहित २४ पदक जितेर उपाधि लिएको छ।

यस्तै, रनिङ शिल्डमा द्वितीय विजेता जनशक्ति मावि काँडाले ६ स्वर्ण ४ रजत ६ कास्यसहित १६ पदक लिएर दोस्रो स्थान हासिल गरेको छ भने सिमास्थित सहिद शुक्र माविले ४ स्वर्ण ६ रजत ७ कास्यसहित १७ पदक लिएर तृतीय स्थान हासिल गरेको भूमे गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्राविधिक सहायक टेकबहादुर बुढाथोकीले जानकारी दिनुभयो। रनिङ शिल्ड समापन समारोहमा प्रमुख अतिथि भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले खेलाडी राष्ट्रका गहना भएको चर्चा गर्दै उनीहरुलाई राज्यले आवश्यक प्रोत्साहन, सम्मान र अवसर प्रदान गर्नुपर्ने बताउनु भयो। स्थानीय रुपमा हुने यस्ता रनिङ शिल्डले लुकेर रहेका प्रतिभाहरुको पहिचान हुनुका साथै खेलाडीहरुलाई प्रोत्साहन हुने भन्दै अध्यक्ष श्रेष्ठले आफ्नो सीप प्रदर्शन गर्न सबै खेलाडीहरुलाई आग्रह गर्नुभयो। गाउँपालिका स्तरीय पाँचौं राष्ट्रपति रनिङ शिल्ड समापन समारोहमा प्रमुख अतिथि श्रेष्ठ, गाउँपालिका उपाध्यक्ष सविना बुढा, प्रमुख प्रशासकीय अधिकृत देविलाल विक, वडा नं. ६ का अध्यक्ष विक्रम पुन, विभिन्न विद्यालयका व्यवस्थापन समिति अध्यक्ष लगायतको आतिथ्य रहेको थियो। गाउँपालिकाको आयोजना तथा जनजागृति माविको व्यवस्थापनमा महत बृहत रंगशालामा भएको खेलकूदमा ७ वटा माध्यमिक विद्यालयको सहभागिता रहेको थियो।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

१. कृषि तथा वन क्षेत्र रूपान्तरण गर्न तर्जुमा गरिएको कन्ट्री प्रोग्रामिङ फ्रेमवर्कको अवधि कुन हो?

≅ सन् २०२३-२०२७

**२. अन्तर्राष्ट्रिय युवा वैज्ञानिक पुरस्कार-२०२३ बाट सम्मानित हुने नेपाली को हुनुहुन्छ ?**

≅ डा. घनश्याम ज्ञवाली

**३. राष्ट्रिय योग दिवस कहिले मनाइन्छ ?**

≅ माघ १ (विसं २०७२ साउन २८ को मन्त्रीपरिषद् बैठकले माघ १ गतेका दिन राष्ट्रिय योग दिवस मनाउने निर्णय गरेको थियो। सन् २०१४ मा संयुक्त राष्ट्रसङ्घ महासभाले जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवस मनाउने घोषणा गरेको हो।)

**४. त्रिभुवन विश्वविद्यालयको पहिलो कुलपति को हुनु भयो ?**

≅ कान्तिराज्यलक्ष्मीदेवी शाह (पहिलो उपकुलपति : सुवर्णशमशेर जबरा)

**५. पन्ध्रौं योजनामा उल्लिखित दीर्घकालीन लक्ष्यअनुसार विसं २१००/०१ सम्ममा नेपालीको प्रतिव्यक्ति आय कति पु-याउने लक्ष्य रहेको छ ?**

≅ १२,१०० अमेरिकी डलर

**६. आदिकवि भानुभक्त पुरस्कार-२०८० कसलाई प्रदान गरियो ?**

≅ प्राध्यापक घनश्याम कँडेल (पुरस्कार राशि : एक लाख २५ हजार रुपियाँ)

**७. नेपालमै पहिलो पटक पोथी हात्तीको शल्यक्रिया गरी बच्चाको जन्म कहिले गराइयो ?**

≅ विसं २०७९ फागुन २५ (सौराहाको खोरसोर हात्ती प्रजनन केन्द्रमा गण्डकीकली नामक ढोईको शल्यक्रिया गरी बच्चा जन्माइएको हो। छावाको नाम विजयगज राखिएको थियो।)

**८. विदेशमा बस्ने नेपालीका लागि निःशुल्क टेलिमेडिसन सेवाको सुरुवात कहिले गरिएको हो ?**

≅ विसं २०७९ चैत १५

**९. लिम्बू भाषा कुन लिपिमा लेखिन्छ ?**

≅ सिरिजङ्गा (यस लिपिको आविष्कार तेअङ्सी सिरिजङ्गाबाट भएको हो। उनको जन्म विसं १७६० को दशकमा ताप्लेजुङ जिल्लाको तल्लेक भन्ने ठाउँमा भएको हो।)

**१०. पुरातात्त्विक शिल्पी सङ्ग्रहालयको निर्माण कहाँ गरिएको छ ?**

≅ गाउँसहरस्थित थुम्काडाँडा (लमजुङ) (पहाडी दलित समुदायको पहिचानका रूपमा निर्माण भएको सो सङ्ग्रहालयमा पूर्वजहरूले बनाएका वस्तु राखिएका छन्।)

**११. नेपालको पहिलो खुला दिसामुक्त घोषित जिल्ला कुन हो ?**

≅ कास्की (घोषणा भएको मिति : विसं २०६८ असार १०)

**१२. एम्नेस्टी इन्टरनेसनलको स्थापना कहिले भएको हो ?**

≅ सन् १९६१

**१३. नागार्जुन दरबारको निर्माण कसले गरेका हुन् ?**

≅ जुद्धशमशेर

***संकलन: टङ्क केसी/गोरखापत्रबाट***

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (रोजगार सेवा केन्द्र)

खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१ मिति: २०८०/११/०६
च.नं.: ८५०

श्री वडा कार्यालय सबै,

**विषय:-** दर्ता शिविर, सूचना प्रवाह तथा अभिमूखिकरण कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रधामन्त्री रोजगार कार्यक्रम अर्न्तगत रोजगार सेवा केन्द्रको समन्वयमा चालु आ.व. २०८०/८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेको १८ देखि ५९ बर्ष उमेर समुहका बेरोजगार नागरिकले आगामी आ.व.मा न्यूनतम रोजगारीमा संलग्न हुनका लागि मिति **२०८० फागुन महिनाभरी** समयसिमा रहेको जानकारी गराइन्छ । साथै, रोजगार सेवा केन्द्रले **श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम** अन्तर्गत बेरोजगार दर्ता शिविर, सूचना प्रवाह तथा अभिमूखीकरण कार्यक्रम तपशिल मिति र स्थानमा सञ्चालन हुने भएकोले त्यहाँ कार्यालयबाट वडा समिति, कर्मचारी, नागरिक समाज, लक्षित वर्ग, सरोकारवाला व्यक्तिहरुलाई सो कार्यक्रममा सहभागीताको लागि सूचना प्रवाह गरिदिनुहुन अनुरोध छ ।

**तपशिल**

| क्र.स. | वडा नं./स्थान | मिति | कैफियत |
|---|---|---|---|
| १ | १ नं. वडा कार्यालय, लुकुम | २०८० फागुण १० गते | |
| २ | २ नं. वडा कार्यालय, काक्री | २०८० फागुण ०९ गते | |
| ३ | ३ नं. वडा कार्यालय, सिमा | २०८० फागुण १७ गते | |
| ४ | ४ नं. वडा कार्यालय, काँडा | २०८० फागुण ११ गते | |
| ५ | ५ नं. वडा कार्यालय, सेराबाङ | २०८० फागुण १३ गते | |
| ६ | ६ नं. वडा कार्यालय, महत | २०८० फागुण १५ गते | |
| ७ | ७ नं. वडा कार्यालय, धर्मशाला | २०८० फागुण १६ गत | |
| ८ | ८ नं. वडा कार्यालय, कोर्जा | २०८० फागुण १४ गत | |
| ९ | ९ नं. वडा कार्यालय, चुनबाङ | २०८० फागुण ०८ गत | |

प्रेम प्रसाद भट्टराई
अधिकृत छैटौं

प्रेम प्रसाद भट्टराई
अधिकृत (छैटौं)

खावाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९७६२५२७११०, ९७६२५२७१११, ९८०१३३२३८३
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, pmepbhume@gmail.com,वेबसाइट:www.bhumemun.gov.np

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८०।८१
च.नं.: ८३८

मिति: २०८०/११/०३

**श्री सहकारी संस्थाहरु सबै,**
**भूमे गाउँपालिका, रुकुम (पूर्व।**

**विषय: COPOMIS मा दर्ता हुने सम्बन्धमा।**

उपर्युक्त विषयको सम्बन्धमा यस भूमे गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र रहने गरी यस गाउँपालिका कार्यालयमा दर्ता भएका (साविक डिभिजन सहकारी कार्यालयमा दर्ता भई हस्तान्तरण भएका समेत) भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागको पत्र संख्या ०८०/८१, चलनी नं. ९९८, मिति २०८०/१०/२३ को पत्रानुसार सहकारी विभागबाट कार्यान्वयन भई रहेको सहकारी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्ध हुन बाँकी सबै सहकारी संस्थाहरुले यथाशीघ्री यस कार्यालयमा सम्पर्क गरी **User Id र Password** लिई आफ्नो संस्थाको एकीकृत विवरण सफ्टवेयर प्रणालीमा अनिवार्य प्रविष्ट गर्नुहुन अनुरोध छ।

..................
(देविलाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल। सम्पर्क फोन नं. +९७७-९७६२५२७११०, ९७६२५२७१११
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(रोजगार सेवा केन्द्र)

खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आ.ब.: २०८०/०८१
सूचना नं.: २४

मितिः २०८०/११/०२

## न्यूनतम रोजगारमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (द्रोसो संशोधन) को दफा १८ बमोजिम चालु आ.ब. २०८०/८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ देखि ५९ बर्ष उमेर समुहका बेरोजगार नागरिकले आ.ब. २०८१/८२ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न हुनको लागि **मिति २०८० फागुन ३० गतेभित्र** आफूले स्थायी बसोबास गरेको स्थानीयतहको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनको लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी रोजगार सेवा केन्द्र, सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको https://bhumemun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि आवश्यक मापदण्डहरु:**

- १८ बर्ष पुरा भई ५९ बर्ष ननाघेको ।
- चालु आ.ब.मा कुनै रोजगारमूलक कार्यक्रममा संलग्न नरहेको ।
- नेपाल सरकारले तोकेको न्यूनतम बार्षिक आम्दानी भन्दा कम पारिवारिक आयस्रोत भएको ।
- सार्वजनिक विकास निर्माणका काम तथा अन्य सार्वजनिक सेवामा योगदान गर्न इच्छुक ।

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि आवश्यक कागजातहरु:**

- हालसालै खिचेको पासपोर्ट साईजको फोटो- १ प्रति
- नागरिकताको प्रतिलिपी- १ प्रति
- परिवारका सबै सदस्यको नागरिकता/जन्मदर्ताको प्रतिलिपी- १ प्रति
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपी- १ प्रति
- सीप तथा तालिम हासिल गरेको प्रमाणपत्रको प्रतिलिपी- १ प्रति (हुनेको हकमा)
- शारीरिक अशक्तता परिचय पत्रको प्रतिलिपी- १ प्रति (हुनेको हकमा)
- बसाईसराई भएको भए सोको प्रमाणपत्रको प्रतिलिपी- १ प्रति (हुनेको हकमा)
- पासपोर्टको प्रतिलिपी (बैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएका व्यक्तिको हकमा) - १ प्रति (हुनेको हकमा )

***नोटः-*** *निवेदनमा माग भए बमोजिमको सम्पूर्ण विवरण अनिवार्य भर्नुपर्ने छ । यदि निवेदन अपूर्ण वा झुठो भएमा रोजगार सेवा केन्द्र स्वीकृत गर्न बाध्य हुने छैन । साथै विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८५१२११४४२, ९८६४७१०६२९ मा सम्पर्क गर्न सकिने छ ।*

देविलाल वि. क.
प्रमुख प्रशासकीय अधिकृत
देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९७६२५२७११०, ९७६२५२७१११, ९८०१३३२३८३
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, pmepbhume@gmail.com,वेबसाइट:www.bhumemun.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय रुकुमकोट

रुकुम (पूर्व)

फोन.नं. ०८८-४१३०५६
मो.नं. ९८५७८५७५७७

आ.व.२०८०/०८१ (मुद्दा)
चलानी नं.

मिति-२०८०/०१०/२८
नेपाल सम्बत् ११४४

## विषय- नापजाँच भएका छुट जग्गा दर्ता सम्बन्धि सूचना ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबरमहल काठमाण्डौंको प.सं. २०८०/०८१/ज.प्र.१६/१/६०२ चलानी नं. २००४ मिति २०८०/१०/२४ गतेको पत्र अनुसार मालपोत ऐन २०३४ को दफा ७ को उपदफा (२) को प्रयोजनार्थ रैकर र गुठी जग्गा अन्तरगतको छुट जग्गा दर्ता सम्बन्धमा मालपोत नियमावली, २०३६ को नियम ४क को उपनियम (१) बमेजिमको सूचना खण्ड ७३) संख्या ५०) नेपाल राजपत्र भाग-५ मिति २०८०/१०/११ मा प्रकाशित भएको, उक्त सूचना अनुसार जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नाप नक्शा भएको तर दर्ता गर्नसम्म छुट भएका जग्गा दर्ता गर्न चाहने जग्गावालाले निवेदन दिने र फच्छौंट गर्ने तथा पहिला नै निवेदन दिई फच्छौंट गर्न बाँकी निवेदनहरु फच्छौंट गर्ने म्याद नेपाल राजपत्रमा प्रकाशित भएको मिति २०८०/१०/११ गतेले २ (दुई) बर्ष तोकेको हुँदा छुट जग्गा दर्ता गर्न चाहने जग्गावालाले तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल-

१. क्षेत्रीय किताव (फिल्ड बुक) उतारको प्रमाणित प्रतिलिपी,
२. नक्शाको प्रमाणित प्रतिलिपी,
३. मालपोत तिरेको निश्शा वा प्रमाण,
४. नागरिकताको प्रतिलिपी,
५. साविक जग्गाको विवरण,
६. भूमि सम्बन्धि नियमहरु २०२१ को अनुसूची -७ (जग्गाको विवरण),
७. स्थानीय तहको किटानी सिफारिस,
८. नामसारी दर्ता गर्नु पर्ने भए मृत्यु दर्ता प्रमाण पत्र, नाता प्रमाणित प्रमाण पत्र र हकवाला एकिन भएको किटानी सिफारिस,
९. दाखिला खारेज दर्ता गर्नु पर्ने भए हक पुगेको लिखत वा प्रमाण,
१०. अन्य आवश्यक कागजात तथा प्रमाणहरु ।

प्रमि ०८०/१०/२८
मालपोत अधिकृत

व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन

## भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।